सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल

## आदेश

२०७०-WS-००४०

| | | |
|---|---|---|
| अधिवक्ता श्री ओमप्रकाश अर्याल ........ | १ | निवेदक |

## विरुद्ध

| | | |
|---|---|---|
| राष्ट्रपतिको कार्यालय सितल निवास, काठमाडौं ........ | १ | विपक्षी |
| उप-राष्ट्रपतिको कार्यालय, काठमाडौं ........ | १ | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ........ | १ | |
| कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार-काठमाडौं ........ | १ | |
| संविधानसभाको सचिवालय, सिंहदरवार, काठमाडौं ........ | १ | |

मुद्दाः उत्प्रेषण समेत ।

यसमा पदावधि सकिएका सम्माननीय राष्ट्रपति/उप-राष्ट्रपतिज्यूलाई पदमुक्त घोषित गर्न वा राष्ट्रपति वा उप-राष्ट्रपति स्वयंबाट पदत्यागको घोषण/राजिनामा गर्न लगाउन नव गठित संविधान सभाबाट राष्ट्रपति/उप-राष्ट्रपतिको निर्वाचन यथा समयमा सम्पन्न गर्न बाधा अवरोध विरोधाभाष सिर्जना नगर्न नगराउन तथा उक्त पदहरुमा निर्वाचनको लागि संवैधानिक कानूनी तथा राजनैतीक वातावरण कायम गर्न गराउन नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधन, २०६५ द्वारा थप गरिएको धारा ३६ ग लाई अमान्य र बदर घोषित गर्दै आवधिक निर्वाचन लगायत संविधानका मौलिक व्यवस्थाहरु अनुकूल हुने गरी राष्ट्रपति/उप-राष्ट्रपतिको पदावधि कायम गर्न संविधान संशोधनको पहल गर्नु भनि विपक्षीहरुको नाममा संविधानको धारा १०७(१) र (२) बमोजिम उत्प्रेषण लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ साथै निवेदनको टुंगो नलागेसम्म नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ ग को कार्यान्वयन नगर्नु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेतको माँग भएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री विश्वकान्त मैनाली, श्री रविनारायण खनाल, श्री शशीकुमार उपाध्याय, गोविन्द शर्मा पौडेल र अधिवक्ताहरु श्री शंकर सुवेदी, श्री बाबुराम दाहाल, श्री हरिप्रसाद मैनाली, श्री मुकुन्द अधिकारी, श्री पदमबहादुर श्रेष्ठ, डा.चन्द्रकान्त ज्ञवाली, श्री धनन्जंय खनाल, श्री दिनमणि पोखरेल, श्री शिव रिजाल, श्री हर्कबहादुर रावल, श्री रमेश पौडेल,

श्री विष्णुभक्त खत्री, श्री विष्णुमणि अधिकारी, श्री माधव गौतम, श्री रुद्रप्रसाद नेपाल, श्री रमेश बडाल, श्री अच्यूतराज बुढाथोकी, श्री शिवहरी तिमल्सेना, श्री सुरेन्द्र मानन्धर, श्री बलबहादुर राई, श्री भोजराज आचार्य, श्री इश्वरीप्रसाद भट्टराई, श्री टिकाध्वज खड्का, श्री शान्ता पन्त समेतले गर्नुभएको बहस सुनियो ।

वर्तमान अवस्थामा कायम रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ ग अनुसार राष्ट्रपतिको पदावधि संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि हुनेछ र धारा ३६ भ को व्यवस्था अनुसार उप-राष्ट्रपतिको पदावधि सम्बन्धी व्यवस्था समेत राष्ट्रपतिको सरह हुनेछ भनी स्पष्ट भनिएको पाइन्छ । संविधानको सो स्पष्ट व्यवस्था अनुसार संविधानसभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मको लागि राष्ट्रपति एवं उप-राष्ट्रपतिको पदावधि रहने कुरामा विवाद गरी रहनु पर्ने देखिदैंन । जहाँसम्म राष्ट्रपति एवं उप-राष्ट्रपतिले राजिनामा दिनुपर्ने निवेदन दावी छ, सो सम्बन्धमा, अदालतको आदेशबाट बाध्य गराउनुपर्ने कुरा संविधान एवं न्यायसंगत हुन सक्दैंन । मिति २०७०।०८।०४ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनबाट वर्तमान संविधानसभाको गठन भएको र सोही संविधानसभाले धारा ८३(१) बमोजिम व्यवस्थापिका संसद समेतको काम गर्ने भनी व्यवस्था भईरहेको र व्यवस्थापिका संसदले स्वयं औचित्य एवं आवश्यकतालाई विचार गरी संवैधानिक सिद्धान्तहरुलाई मध्यनजर राखी धारा १४८ को व्यवस्था अनुसार संविधानमा संशोधन समेत गर्नसक्ने हुँदा रिट निवेदकले दावी गरेका राजनैतिक प्रश्नहरु सम्बन्धमा व्यवस्थापिका संसद हुँदा हुँदै यस अदालतले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नु र सो सम्बन्धमा कुनै निर्णय प्रदान गर्नु औचित्यपूर्ण हुँदैन । अतः निवेदन माग बमोजिमको आदेश जारी गरी रहनु पर्ने अवस्था नहुँदा विरुद्ध खण्डमा उल्लिखित पदाधिकारी एवं कार्यालयहरुबाट लिखित जवाफ समेत मगाई रहनु परेन । निवेदन दावी खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

ईति संवत् २०७० साल माघ ९ गते रोज ५ शुभम् ............................................ ।